# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, भाद्र ३० गते २०२६ साल [ संख्या २३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

भन्सार ऐन, २०१९ को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले नेपाल मेडिकल एशोसिएशन काठमाडौंलाई इष्टर्न सर्जिकल कम्पनी, दिल्ली-६, बाट एउटा टेनिसको टेबिल उपहार प्राप्त भएकोमा पूर्ण अंशले भन्सार महसूल नलिने गरी छुट् दिएको छ ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्न स्कूलहरूबाट निम्न विवरणको मोटर खरिद गरेकोमा लाग्ने भन्सार महसूल पूर्ण अंशमा नलिने गरी छुट् दिएको छ।

१) श्री ब्राईट इङ्गलिस स्कूल क्षेत्रपाटीले लण्डन निवासी श्री रोबर्ट जेरीसंग खरिद गरेको सं. र नं. टी. के. टी. २७५ न. ई. नं. ५९६१ एक च्या. नं. सो. बी. एफ २२१९६९ मिनिबस (कोभर) एक।

२) श्री नवजीवन विद्याश्रम लाजिम्पाटले बेलायतबाट आएका टुरिष्ट डङ्की प्राउड फुट-संग खरिद गरेको नं. एक्स. यू. बी. ७६९ मारिस च्या. जे. ज. नं. ३९४६. ४७३१५ को मोडेल १९५९ को मिनिबस एक।

आज्ञाले–

भेषबहादुर थापा

श्री ५ को सरकारको सचिव।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारबाट खजुरा पुनर्वासी परिवारहरूको लागि वितरण गर्न राष्ट्रसंघ डब्लु. एफ. पी. बाट निम्न खाद्य पदार्थ उपहार स्वरूप पठाएकोमा लाग्ने भन्सार महसूल पूर्ण अंशमा नलिने गरी छुट् दिएको छ।

| | |
|---|---|
| मैदा | ३९५ मे. टन. |
| घिउ | ३१२ मे. टन. |
| पाउडर दूध | ३६ मे. टन. |
| माछा | ९२ मे. टन |
| चिनी | ४६ मे. टन. |
| पाउडर कुखुराको फुल | ४८ मे. टन। |

आज्ञाले–

भेषबहादुर थापा

श्री ५ को सरकारको सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

भन्सार ऐन, २०१९ को दफा ९ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ल्याबोरेटरी स्कूलको अन्धा सेक्शनको निमित्त ५०० डलर सम्मको ब्रेलका म.लसामान झिकाई ल्याएमा पूर्ण रूपले भन्सार महसूल नलिने गरी छुट दिएको छ ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले शाही सेनालाई पैठारी गर्दा दिइएको भन्सार सहुलियतवा सामानहरूमा पूर्ण रूपले बिक्री कर नलिन ग ी छूट दिएको छ ।

आज्ञाले–
भेषबहादुर थापा
श्री ५ को सरकारको सचिव ।

२८३

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।